आज मिति २०७५ साल मंशीर ०२ गते विहान ८: ०० बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेतीज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोक्का | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री रचना श्रेषठ | नि.प्रमुख प्रशासकीय अधिकृत | सचिव |

आमन्त्रित/बैठक सहयोगी

निर्णय नं.१

मनहरी गांउपालिकाको वडा नं २ को घर भाडामा लिने प्रयोजनकोलागी प्रकाशित सुचना बमोजीम पर्न आएका निबेदन उपर जांचबुझ गरि सिफारिस भएबमोजीम वडा नं २ को कार्यालय संचालनको लागी चन्द्रबहादुर स्याङ्तानको ३ कोठाको घर मासिक रु.५०००।मा नियमानुसार कर कट्टी हुने गरि घर भाडामा लिने गरियो ।

निर्णय नं.२

आर्थिक ऐन २०७५ बमोजिम अबैध नदिजन्य सामग्री उत्खनन गर्ने सवारी साधनलाइ प्रहरीको पत्र बमोजीम जरीवाना गरी जफत भएको नदीजन्य सामग्री मनहरी ७ मा रहेको श्री ब्रम्हकाली नि.मा.बि. लाई बिधालयकै खर्चमा जे जस्तो अवस्थामा छ उठाइ लैजान अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.३

मनहरी गांउपालिकाको टोल बिकाश संस्था संचालन कार्यबिधि २०७४ बमोजीम गठीत टोल बिकाश संस्थाहरुलाई प्रोत्साहन गर्न एकपटकका लागी आबस्यक स्टेशनरी लगायत मशलन्द सामग्री खरीद गरि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.४

तपशील बमोजीम व्यक्तिहरुलाई आर्थिक सहायता कार्यबिधी बमोजीम तपशील बमोजीम रकम आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

तपशीलः

| सि.नं. | नामथर | ठेगाना | बिषय | सहयोग रकम | श्रोत |
|---|---|---|---|---|---|
| १ | सब्बलाल प्रजा | मनहरी ६ | रुखबाट खसेर मृत्यु | १०००० | आ.स.का. |

निर्णय नं.५

मिति २०७५ साल मंशीर ३ गते मनहरी ८ सिम्पानी स्थित पिस पार्कमा फिलिपिनि राजकुमारी लगायत बिशिष्ठ बिदेशी पाहुनाबाट हुने भ्रमणकार्यमा गांउपालिकाको तर्फबाट समेत अतिथि सत्कार कार्य गर्ने प्रयोजनको लाग्ने बिल बमोजीमको आबस्यक खर्च नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.६

मनहरी गांउसभाबाट स्वीकृत गांउ शिक्षा ऐन २०७४ बमोजीम संस्थागत बिधालयले कक्षा थप माग गर्दा बिबरण उल्लेख गर्ने र स्वयम घोषणा गर्ने सम्बन्धि प्रशासन शाखाबाट तयार भएको संस्थागत बिधालयको कक्षा थपका लागी अनुगमन फारम स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.७

गत आ.ब.मा नै खरीद प्रकृया अगाडी बढाइ बिबिध कारणबस खरीद गर्न नसकिएको खानेपानी पाइप खरीद गर्न सार्बजनिक खरीद ऐन २०६३ को दफा ३ बमोजीम पुनः सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं.८

चालु आ.ब.०७५/०७६ मा गांउसभाबाट बिनियोजन भएको तर कार्यालयको बिभिन्न प्राबिधिक कारण एबम् जिल्ला तथा गांउ दररेट तय हुनु अगावै कार्यपालिकाको बैठकबाट काम गर्न स्वीकृत प्रदान भएको मनहरी ३ स्थित महेन्द्रज्योती मा.बि. र मनहरी ८ स्थित महेन्द्रकिरण मा.बि.को प्रस्ताबित प्राबिधिक शिक्षालयको भौतिक सामग्री खरीद लगायतको काम सम्पन्न गरी भुक्तानीकोलागी पेश भएकोले नियमानुसार मुल्याङ्कन प्रकृया अगाडी बढाइ भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ९

अमानतमा कर संकलन गर्ने कार्ययोजना २०७५ बमोजीम एक चौमासिकका लागी खर्च स्वीकृत भएको तर सो काम बिभिन्न प्राबिधिक कारण अमानतमानै निरन्तर संचालन गरिरहनु पर्ने भएकोले र एक चौमासिककालागी बिनियोजित बजेट बाटमात्र आगामी दिनका लागी खर्च गर्न रकम अपुग भएको अबस्था भएपनि पछि गांउसभाबाट बजेट संसोधनमा व्यबस्था मिलाइ भुक्तानी गर्ने गरी कर संकलक लगायतको पारिश्रमिक र अन्य खर्चहरु सोही कार्यबिधी बमोजीमकै दररेटमा अमानत कार्यलाइ निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं १०

नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखाको च.नं २४/७४ मिति २०७४/०५/०६ को पत्रानुसार कुकुरले टोकी घाईते भएको मनहरी ३ निबासी सन्दीप प्रजालाइ हाडीखोला देखि हेटौंडा अस्पताल सम्म उपचार गर्न लैजादा भएको एम्बुलेन्स भाडा बापतको रकम रु.७५००।भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ११

गांउ शिक्षा ऐन २०७४ कार्यान्वयनका लागी कार्यालयको शिक्षा ईकाइबाट तयार भइ आएको मनहरी गांउपालिकाको शिक्षा नियमावली २०७५ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं १२

मनहरी गांउपालिकाको वडा नं २ को साबिक स्थानमा रहेको श्री सिता मा.बि.को भबनमा कार्यालय सञ्चालन गरिरहन बिधालय स्वयमलाइ कक्षाकोठा अभाव भएको कारण अन्यत्र कोठा भाडामा लिइ सञ्चालन गर्न मिति २०७५/०७/२७ मा प्रकाशित सुचना बमोजीम पर्न आएको निबेदन उपर घरभाडा निर्धारण समितिबाट सिफारिस भएबमोजीम चन्द्रलाल स्याङ्तानको ३ कोठाको घर मासिक रु.५०००।मा कर सहीत भुक्तानी हुने गरि घरभाडामा लिने निर्णय गरियो ।